**निर्णयहरु :**

१. मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ मा १९ वर्षको नाम नखुलेको पुरुष रुखमा झुन्डीयर आत्महत्या गरेको र उक्त लास विदेशी नागरिक भएको र उक्त लासको पोष्ट मार्टम जिल्ला अस्पतालमा पनि नहुने र काठमाडौं पठाउनु पर्ने हुनाले उक्त लासलाई काठमाडौं सम्म लैंजादा लागेको एम्बुलेन्स वापतको खर्च रु ३३०००।०० भुक्तानी गर्ने निर्णय गरियो ।

२. नेपाल सरकारबाट स्थानीय तह स्थापनाको समयमा कायम भएको दरवन्दी संरचनामा गाउँपालिकाको दरवन्दी संरचनामा कम्प्युटर अपरेटरको दरवन्दी कायम भएको सोही दरवन्दीमा यस गाउँपालिकामा कम्प्युटर अपरेटरको रुपमा श्री शैलेन्द्र घिमिरेलाई करार सम्झौता गरि काम काज गराईएकोमा पछि स्थानीय तहको अन्तरिम दरवन्दी संरचनामा कम्प्युटर अपरेटरको दरवन्दी कटौती भएकोमा मर्स्याङ्दी गाउँपालिकाको चौथो गाउँसभाबाट योजना सहायकको दरवन्दी कायम गरी विकास आयोजनाहरुको कन्टेन्जेन्सी रकमबाट पारिश्रमिक भुक्तानी हुने गरी योजना सहायकको रुपमा करार सम्झौता गरि कामकाज गराईएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ३०७६ मिति २०७५/१०/०९ को परिपत्रबाट स्वीकृत दरवन्दी भन्दा वाहेक कर्मचारीलाई कामकाज नगराउनु भन्ने निर्देशन भएको र नेपाल सरकारबाट यस गाउँपालिकाको स्थायी स्वीकृत दरवन्दी संरचनामा कम्प्युटर अपरेटरको दरवन्दी समेत रहेकोमा निज श्री शैलेन्द्र घिमिरेलाई कर्मचारी समायोजनबाट अन्य कर्मचारी खटिई आएमा स्वत करार समाप्त हुने गरि साविककै सेवा सुविधा पाउने गरी २०७५/१०/१६ बाट नयाँ करार सम्झौता गरि कामकाज गराउने निर्णय गरियो ।

३. मर्स्याङ्दी गाउँपालिकाको चौथो गाउँसभाबाट कृषि जे.टी.ए को दरवन्दी कायम गरी वडा नं. ४, ५ र ६ मा काम गर्ने गरि श्री सुनिता गुरुङ्लाई प्रतिस्पर्धाका आधारमा करार सम्झौता गरि काम काज लगाईएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ३०७६ मिति २०७५/१०/०९ को परिपत्रबाट स्वीकृत दरवन्दी भन्दा वाहेक कर्मचारीलाई कामकाज नगराउनु भन्ने निर्देशन भएकोमा निज सुनिता गुरुङ्को मिति २०७५/१०/१५ सम्म मात्र करार सम्झौता कायम गर्ने निर्णय गरियो ।

४. जिल्ला समन्वय समितिबाट यस गाउँपालिकामा खटिनुभएका सामाजिक परिचालक ( पाँचौं तह, अस्थायी ) लिल बहादुर रिमाललाई साविक जिल्ला समन्वय समितिमा खाईपाई आएको सेवा सुविधा यथावत रुपले उपलब्ध गराउने गरि र यस गाउँपालिकाको स्वीकृत दरवन्दीमा कर्मचारी समायोजन भएर वा सिफारिस भई आई दरवन्दी पूरा भएमा सोही दिनबाट म्याद समाप्त हुने गरि २०७५ माघ १ देखि २०७६ आषाढ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

५. फोहोरमैला व्यवस्थापनको लागि निम्नानुसारको वडा स्तरीय कार्यक्रमहरु तय गर्ने निर्णय गरियो ।.

**सहभागीहरु :** वडा समिति, महिला समिति, यूवा तथा खेलकुद समिति, टोल सुधार समितिका संयोजकहरु, विद्यालयका प्र.अ.हरु, यूवा क्लवका अध्यक्षहरु, आमा समुहका अध्यक्षहरु, स्वास्थ्य चौकीका प्रमुख, बन समितिका अध्यक्षहरु र अगुवा नागरिक समाजका प्रतिनिधिहरु ।

कार्यक्रम :

- ✓ परिचय
- ✓ कार्यक्रमको औचित्य माथी प्रकाश - वडा अध्यक्ष
- ✓ फोहोरमैला व्यवस्थापनको लागि सामुहिक छलफल/अन्तरक्रिया र कार्यतालिका निर्माण।
- ✓ कम्तिमा हरेक महिनाको २ घन्टा सरसफाई अभियान आयोजना गरी सहभागिता हुने ।
- ✓ हरेक बस्तिहरुमा नकुहिने फोहोरमैला संकलन गर्ने स्थान तयार गर्ने र अनिवार्य रुपमा नकुहिने फोहोरमैलालाई सोही स्थानमा व्यवस्थापन गर्ने ।
- ✓ कुहिने बस्तुहरुलाई सवै घरले अनिवार्य रुपमा व्यवस्थापन गर्नुपर्ने ।
- ✓ वडामा रहेका विभिन्न संघ संस्थाहरु, विद्यालयहरुले फोहोरमैला व्यवस्थापनलाई प्राथमिकतामा राखी आफ्नो कार्यक्रमको एउटा मुद्धा बनाउन आव्हान गर्ने ।

साथै गाउँसभाबाट फोहोरमैला व्यवस्थापनका लागि विनियोजित वजेट मध्येबाट रु २,५०,०००।- निम्नानुसारले वडाहरुमा व्यवस्थापन गरि उक्त कार्यक्रम गर्ने निर्णय गरियो ।

वडा नं १, २, ७, ८ लाई प्रति वडा रु. २५,०००।- का दरले रु. १००,०००।-

वडा नं. ३, ४, ५, ६, ९ लाई प्रति वडा रु. ३०,०००।- का दरले रु. १५०,०००।-

६. मर्स्याङ्दी गाउँपालिका वडा नं. १ मा रहेको ग्राम कल्याण आधारभुत विद्यालयले यस गाउँपालिकाको शिक्षा शाखामा विद्यालयलाई माध्यमिक तह सञ्चालनका लागि निवेदन दिएको हुँदा मर्स्याङ्दी गाउँपालिकाको स्थानीय शिक्षा ऐन, नियमावली अनुसार उक्त विद्यालयलाई माध्यमिक तह सञ्चालनका लागि आगामी शैक्षिक सत्र २०७६ देखि कक्षा ९ सञ्चालन गर्ने गरि अनुमती दिने निर्णय गरियो ।

७. मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ को कृषि तर्फको स्वीकृत कार्यक्रममा संसोधनका लागि वडा कार्यालयको कार्यक्रम संसोधन गर्ने निर्णयानुसार निम्नानुसारका कार्यक्रमहरु निम्नानुसारले संसोधन गर्ने निर्णय गरियो ।

- स्पेयर वितरणमा छुट्याईएको रु ३०,०००।०० सवै रकम उक्त कार्यक्रमबाट कटौती गरी आलु खेती रिन्टाङ् कार्यक्रममा छुट्याउने ।
- पुष्प खेती विकास कार्यक्रममा छुट्याईएको रु ५०,०००।०० मध्ये रु २०,०००।०० कटौती गरी आलु खेती रिन्टाङ् कार्यक्रममा छुट्याउने ।

८. सिपमुलक तालिम सञ्चालनका लागि गाउँपालिकाबाट विनियोजित वजेटमा निम्नानुसारका तालिमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

- मेलमिलाप तालिम
- पशु स्वास्थ्य अगुवा कार्यकर्ता तालिम

- कृषि सम्वन्धि तालिम
- पोषण सुधार सम्वन्धि तालिम
- व्यवासायीक क्षमता अभिवृद्धि तालिम

९. स्वास्थ्य तर्फको आ.व. २०७५/७६ को सशर्त कार्यक्रममा बाह्य खोप केन्द्र निर्माणमा रु ६ लाख वजेट भएकोमा यस वर्ष बाह्य खोप केन्द्र ताराचोक र बाह्य खोप केन्द्र सन्जापु गरी २ वटा बाह्य खोप केन्द्रहरुमा वजेट विनियोजन गरी निर्माणको काम अगाडी बढाउने निर्णय गरियो ।

१०. मर्स्याङ्दी गाउँपालिका वडा नं. ४ मा रहेको सप्तकन्या युवा क्लवलाई फुटवल प्रतियोगिता सञ्चालनका लागि विभिन्न धार्मिक ,सांस्कृतिक साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट भुक्तानी हुने गरी रु २५,०००।- सहयोग गर्ने निर्णय गरियो ।

११. मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ मा रहेको न्यू हिमालचुली युवा क्लवलाई फुटवल प्रतियोगिता सञ्चालनका लागि विभिन्न धार्मिक ,सांस्कृतिक साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट भुक्तानी हुने गरी रु २५,०००।- सहयोग गर्ने निर्णय गरियो ।

१२. मर्स्याङ्दी गाउँपालिका वडा नं. २ मा रहेको युनाइटेड विच क्लवलाई फुटवल प्रतियोगिता सञ्चालनका लागि विभिन्न धार्मिक ,सांस्कृतिक साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट भुक्तानी हुने गरी रु २५,०००।- सहयोग गर्ने निर्णय गरियो ।

१३. नेपाल तामाङ घेदुङ, लमजुङ्ले जिल्लामा तामाङ महोत्सव आयोजना गर्न लागेको र यस गाउँपालिकामा पनि सहयोगका लागि निवेदन दिएको हुँदा विभिन्न धार्मिक ,सांस्कृतिक साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट भुक्तानी हुने गरी रु २५,०००।- सहयोग गर्ने निर्णय गरियो ।

१४. यस गाउँपालिकामा २०७५/०५/२७ गते आएको विपदले क्षति पुर्‍याएका तथा विभिन्न समयमा आगलागीका घटना भएका निम्नानुसारका व्यक्ति तथा संरचनाहरुलाई विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी तल उल्लेखित दरले सहयोग गर्ने निर्णय गरियो ।

| क्र.सं | नाम थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सन्त बहादुर गुरुङ | मर्स्याङ्दी - ५ | ३५००० | आगलागी |
| २ | रुप कुमारी गुरुङ | मर्स्याङ्दी - ५ | १०००० | बाढी पहिरो |
| ३ | निल कुमारी गुरुङ | मर्स्याङ्दी - ५ | ५००० | बाढी पहिरो |
| ४ | मिन रासी गुरुङ | मर्स्याङ्दी - ५ | ५००० | बाढी पहिरो |
| ५ | श्याम माया कार्की | मर्स्याङ्दी - ९ | १५००० | आगलागी |
| ६ | कुमान सिँह गुरुङ | मर्स्याङ्दी - ४ | ५००० | बाढी पहिरो, डाँडा गाउँ |

| | | | | |
|---|---|---|---|---|
| ७ | डम्मर जङ गुरुङ | मर्स्याङ्दी - ४ | ५००० | बाढी पहिरो, डाँडा गाउँ |
| ८ | गेप बहादुर गुरुङ | मर्स्याङ्दी - ४ | ५००० | बाढी पहिरो, डाँडा गाउँ |
| ९ | काली बहादुर गुरुङ | मर्स्याङ्दी - ४ | २५०० | बाढी पहिरो, डाँडा गाउँ |
| १० | उर माया गुरुङ | मर्स्याङ्दी - ४ | २५०० | बाढी पहिरो, डाँडा गाउँ |
| ११ | सु कासी गुरुङ | मर्स्याङ्दी - ४ | २५०० | बाढी पहिरो, डाँडा गाउँ |
| १२ | बल राम गुरुङ | मर्स्याङ्दी - ४ | २००० | बाढी पहिरो, डाँडा गाउँ |
| १३ | कुमार सिँह गुरुङ | मर्स्याङ्दी - ४ | ३००० | बाढी पहिरो, डाँडा गाउँ |
| १४ | मुकुन गुरुङ | मर्स्याङ्दी - ४ | ४००० | बाढी पहिरो, डाँडा गाउँ |
| १५ | नर बहादुर गुरुङ | मर्स्याङ्दी - ४ | २००० | बाढी पहिरो, डाँडा गाउँ |
| १६ | डिल बहादुर गुरुङ | मर्स्याङ्दी - ४ | २५०० | बाढी पहिरो, डाँडा गाउँ |
| १७ | प्रति मुखी गुरुङ | मर्स्याङ्दी - ४ | २००० | बाढी पहिरो, डाँडा गाउँ |
| १८ | टेक बहादुर गुरुङ | मर्स्याङ्दी - ४ | २००० | बाढी पहिरो, डाँडा गाउँ |
| १९ | बृख बहादुर गुरुङ | मर्स्याङ्दी - ४ | ४००० | बाढी पहिरो, डाँडा गाउँ |
| २० | धन बहादुर गुरुङ | मर्स्याङ्दी - ४ | ४००० | बाढी पहिरो, डाँडा गाउँ |
| २१ | बन कासी गुरुङ | मर्स्याङ्दी - ४ | २००० | बाढी पहिरो, डाँडा गाउँ |
| २२ | रुप बहादुर गुरुङ | मर्स्याङ्दी - ४ | २५०० | बाढी पहिरो, डाँडा गाउँ |
| २३ | डिल जङ गुरुङ | मर्स्याङ्दी - ४ | २५०० | बाढी पहिरो, डाँडा गाउँ |
| २४ | जित बहादुर गुरुङ | मर्स्याङ्दी - ४ | २५०० | बाढी पहिरो, डाँडा गाउँ |
| २५ | पञ्च माया गुरुङ | मर्स्याङ्दी - ४ | २५०० | बाढी पहिरो, डाँडा गाउँ |
| २६ | आइत माया गुरुङ | मर्स्याङ्दी - ४ | २५०० | बाढी पहिरो, डाँडा गाउँ |
| २७ | यो जङ गुरुङ | मर्स्याङ्दी - ४ | २५०० | बाढी पहिरो, डाँडा गाउँ |
| २८ | गम कासी गुरुङ | मर्स्याङ्दी - ४ | २५०० | बाढी पहिरो, डाँडा गाउँ |
| २९ | तुलसी गुरुङ | मर्स्याङ्दी - ४ | २५०० | बाढी पहिरो, डाँडा गाउँ |
| ३० | बिर बहादुर गुरुङ | मर्स्याङ्दी - ४ | २५०० | बाढी पहिरो, गैरी गाउँ |

| | | | | |
|---|---|---|---|---|
| ३१ | लक्ष्मी गुरुङ | मर्स्याङ्दी - ४ | २००० | बाढी पहिरो, गैरी गाउँ |
| ३२ | कुम रास गुरुङ | मर्स्याङ्दी - ४ | २५०० | बाढी पहिरो, गैरी गाउँ |
| ३३ | मंगल माया गुरुङ | मर्स्याङ्दी - ४ | ५००० | बाढी पहिरो, शिल्दुङ्गा |
| ३४ | डोल्स्यो गुरुङ | मर्स्याङ्दी - ४ | ५००० | बाढी पहिरो, शिल्दुङ्गा |
| ३५ | बल्खु गोरेटो बाटो मर्मत | मर्स्याङ्दी - ४ | १०००० | बाढी पहिरो, बल्खु |
| ३६ | गोरटो बाटो मर्मत गाउँ भित्र र तल | मर्स्याङ्दी - ४ | १५००० | बाढी पहिरो, डाँडा गाउँ |
| | **जम्मा** | | १८२००० | |

१५. मर्स्याङ्दी गाउँपालिका भित्र तल उल्लेखित स्थानहरुका निम्नानुसारका प्राणघातक रोग लागेका तथा गरिव, विपन्न भई उपचार गर्न नसकेका तथा उपचाररत व्यक्तिहरुलाई असक्त, असहाय, विपन्न सहायता कोषबाट भुक्तानी हुने गरि तपशिलमा उल्लेखित रकम सहयोग गर्ने निर्णय गरियो ।

| क्र.सं | नाम थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | चन्द्र कुमारी गुरुङ | मर्स्याङ्दी - २ | १००००.०० | दिर्घरोगी |
| २ | जित बहादुर गुरुङ | मर्स्याङ्दी - ३ | १५०००.०० | क्यान्सर रोगी |
| ३ | तिर कासी गुरुङ | मर्स्याङ्दी - ३ | १५०००.०० | क्यान्सर रोगी |
| ४ | जङ्ग बहादुर खत्री | मर्स्याङ्दी - ३ | १००००.०० | मृगौला रोगी |
| ५ | पदम बहादुर परियार | मर्स्याङ्दी - ३ | १००००.०० | मुटु रोगी |
| ६ | मिन माया तामाङ | मर्स्याङ्दी - ३ | १५०००.०० | क्यान्सर रोगी |
| ७ | गगा बहादुर तमाङ | मर्स्याङ्दी - ३ | १५०००.०० | मुटुको भल्व फेरेको |
| ८ | आस माया तामाङ | मर्स्याङ्दी - ३ | १५०००.०० | मुटुको भल्व फेरेको |
| ९ | जस्मिन गुरुङ | मर्स्याङ्दी - ३ | १००००.०० | सडक दुर्घटनामा परि उपचाररत तथा विपन्न |

| | | | | |
|---|---|---|---|---|
| १० | सन्च कुमारी तामाङ | मर्स्याङ्दी - ३ | १५000.00 | मुटुको अपरेशन गरेको |
| ११ | दुधकासी गुरुङ | मर्स्याङ्दी - ३ | १५000.00 | क्यान्सर रोगी |
| १२ | देवी कुमारी गुरुङ | मर्स्याङ्दी - ५ | १0000.00 | छतबाट लडेर खुट्टा भाँचिन गई उपचारमा सहयोग |
| १३ | सुनखु गुरुङ | मर्स्याङ्दी - ५ | १५000.00 | क्यान्सर रोगी |
| १४ | मनोज गुरुङ | मर्स्याङ्दी - ५ | १५000.00 | मुटुको अपरेशन गरेको |
| १५ | खुशिराम रिमाल | मर्स्याङ्दी - ६ | १५000.00 | आन्द्राको क्यान्सर |
| १६ | रुपा बि.क. | मर्स्याङ्दी - ६ | १0000.00 | मुटुरोगी |
| १७ | फुल माया तामाङ | मर्स्याङ्दी - ७ | १0000.00 | मुटुरोगी |
| १८ | किर माया तामाङ | मर्स्याङ्दी - ७ | १0000.00 | मुटुरोगी |
| १९ | सोम बहादुर बि.क. | मर्स्याङ्दी - ७ | १0000.00 | पूर्ण रुपमा दृष्टिविहिनलाई उपचार सहयोग |
| २० | सीता रावल | मर्स्याङ्दी - ९ | १0000.00 | पक्षघात भई हिँडडुल गर्न नसक्ने |
| २१ | सुकमाया दमै | मर्स्याङ्दी - ९ | १0000.00 | पक्षघात भई देब्रे अँग नचल्ने |
| २२ | दमन्ति कामी | मर्स्याङ्दी - ९ | १५000.00 | मृगौला रोगी |
| २३ | निरु दवाडी | मर्स्याङ्दी - ८ | १0000.00 | विपन्न गरीव तथा श्रीमान लक्ष्मी प्रसाद दवाडीको अन्तीम संस्कारमा सहयोग |
| २४ | कृतिका गुरुङ | मर्स्याङ्दी - ८ | ~~१५000.00~~ १0,000/- | आँखाको क्यान्सर |
| २५ | धन प्रसाद गुरुङ | मर्स्याङ्दी - ८ | १0000.00 | मुटु रोगी |
| | जम्मा | | ३१0000.00 | |